# नेपाल निर्माण व्यवसायी महासंघ

अनामनगर, काठमाडौं, पो.ब.नं:८९७५ ई.पी.सी.(५०४५); फोन:०१-४२१८१८७, ४२१८१५९, ४२२१६११; फ्याक्स:०१-४२१८२३१; Email:fcan8975@gmail.com


## २०औं साधारण सभा एवं निर्वाचन सम्बन्धी सूचना

यस महासंघको २०औं साधारण सभा एवम् निर्वाचन कार्यक्रम मिति २०७५/२/११ गते सम्पन्न भएको विषेश साधारण सभाको निर्देशानुसार मिति २०७५ साल असोज ५ र ६ गतेका दिन **काठमाण्डौं**मा हुन गईरहेकोले उक्त साधारण सभा एवं निर्वाचनमा सहभागीता सम्बन्धमा देहाय अनुसार गर्न गराउनका लागि महासंघको विधानको दफा ९ को उपदफा (१२) बमोजिम सबै एशोसिएट सदस्यहरु, प्रदेश महासंघहरु, जिल्ला निर्माण व्यवसायी संघहरु तथा वस्तुगत संघहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. साधारण सभा प्रतिनिधि पठाउने बारे**:

प्रतिनिधिहरुको नामावली महासंघको विधानले तोकिए बमोजिम तपशिलमा उल्लेख भए अनुसार यही २०७५ भाद्र २९ गते साँझ ६.०० बजेभित्र सम्बन्धित प्रदेश महासंघको शिफारीस सहित अनिवार्य रुपले महासंघ सचिवालयमा पुग्ने गरी पठाउनु पर्नेछ।

क) प्रत्येक प्रदेश महासंघहरुबाट अध्यक्ष सहित १५(पन्ध्र) जना साधारण सभा प्रतिनिधि पठाउनु पर्नेछ।

ख) ५० सम्म सदस्य संख्या भएको जिल्ला संघले ३(तीन) जना साधारण सभा प्रतिनिधि र सो भन्दा माथि हरेक ५० सदस्य बराबर थप १ जना साधारण सभा प्रतिनिधि तोकी १ जनालाई अनिवार्य मुख्य प्रतिनिधि हुने गरी पठाउनु पर्नेछ।

ग) पाँच वा सोभन्दा बढी साधारण सभा प्रतिनिधि पठाउने जिल्ला संघले प्रतिनिधि हुन योग्यता पुगेका महिलाहरु मध्ये कम्तिमा एक जना महिला प्रतिनिधि अनिवार्य रुपमा पठाउनु पर्नेछ।

घ) एशोसिएट सदस्यहरुबाट एशोसिएट सदस्य समन्वय समितिका संयोजक सहित ३९(उनन्चालिस) जना साधारण सभा प्रतिनिधि हुनेछन।

ङ) प्रत्येक वस्तुगत संघबाट १(एक) जना साधारण सभा प्रतिनिधि पठाउनु पर्नेछ।

**२. साधारण सभा पर्यवेक्षक संख्या सम्बन्धमा**: एक साधारण सभा प्रतिनिधि बराबर एक पर्यवेक्षकलाई मात्र साधारण सभामा सहभागी गराईनेछ।

**३. साधारण सभा प्रतिनिधिहरूको योग्यता**:

क) निर्माण व्यवसाय ईजाजत-पत्र प्राप्त गरेको दश वर्ष पूरा भएको, महासंघ वा अन्तर्गतका सदस्य संघहरुको सदस्यता लिएको कम्तिमा दश आर्थिक वर्ष पूरा भएको फर्म/कम्पनीमा अवछिन्न पाँच वर्ष पूरा गरेको प्राकृतिक व्यक्तिलाई मात्र साधारण सभा प्रतिनिधि चयन गरी पठाउनु पर्नेछ।

ख) नेपाल सरकारले तोकेको पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व गर्ने महासंघ/साधारण सभा प्रतिनिधिहरुको हकमा निर्माण व्यवसाय ईजाजत-पत्र प्राप्त गरेको पाँच वर्ष पूरा भएको, महासंघ वा अन्तर्गतका सदस्य संघहरुको सदस्यता लिएको कम्तिमा पाँच आर्थिक वर्ष पूरा भएको फर्म/कम्पनीमा अवछिन्न पाँच वर्ष पूरा गरेको प्राकृतिक व्यक्तिलाई मात्र साधारण सभा प्रतिनिधि चयन गरी पठाउनु पर्नेछ।

**४. आवश्यक कागजात**: सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अद्यावधिक नविकरण सहितको दर्ता प्रमाण-पत्र, सम्बन्धित् प्रदेश निर्माण व्यवसायी महासंघको सदस्यता नविकरण भएको प्रमाण र प्रतिनिधि शिफारीस पत्र, साधारण सभा प्रतिनिधि चयन गरेको कार्य समितिको निर्णयको प्रमाणित प्रतिलिपि, साधारण सभा प्रतिनिधि आवद्ध रहेको फर्म/कम्पनीको **PAN/VAT** र ईजाजत पत्रको अद्यावधिक प्रतिलिपि सहित महासंघबाट तोकिए बमोजिमको फाराम भरी पठाउनुपर्नेछ।

**५. सहभागी दर्ता शुल्क**: प्रतिनिधि, पर्यवेक्षक, मूल आयोजक समितिका सदस्य तथा अन्य उप-समितिका सदस्यहरुले प्रति व्यक्ति रु.२,०००।- (रुपैयाँ दुई हजार मात्र) रजिष्ट्रेशन शुल्क (सहभागी दर्ता शुल्क) बुझाउनु पर्नेछ।

**६. नविकरण सम्बन्धमा**: साधारण सभामा भाग लिन सबै सदस्यहरुले चालु आ.व.सम्मको महासंघको सदस्यता नविकरण गरेको हुनुपर्ने वा **२०७५ साल भाद्र २९ गते भित्र** नविकरण गरिसक्नु पर्नेछ।

**७. भाग लिन नपाईने** : महासंघको विधान (२०५४) को दफा २५ को उपदफा (५) बमोजिम नियमित साधारण सभा नभएको, चालु आ.व. सम्मको जिल्ला प्रशासन कार्यालयमा र महासंघको सदस्यता नविकरण नभएको सदस्यले साधारण सभा एवं निर्वाचनमा भाग लिन पाईने छैन।

यस सम्बन्धी विस्तृत विवरण सहित पत्राचार गरि सकिएको छ। पत्र प्राप्त नभएको भए यसै सूचनालाई अधारमानी सोही अनुसार गर्न गराउन हुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि महासंघ सचिवालयमा सम्पर्क राख्नु हुन वा **Website: fcan.org.np** हेर्नहुन समेत अनुरोध गरिन्छ।

महासचिव